“शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार, समृद्ध छथर निर्माणको आधार”

# छथर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

शुक्रबारे, तेह्रथुम
१ नं. प्रदेश नेपाल

फोन नं ०२६-४२००९९

प.सं. :- ०७७।७८ (प्रशासन शाखा)
च.नं. :- ९६५

मितिः २०७७।०५।०८

**विषय : व्यक्तिगत विवरण उपलब्ध गराईदिने सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु (सबै),

श्री स्वास्थ्य संस्थाहरु (सबै),

छथर गाउँपालिका, तेह्रथुम ।

प्रस्तुत विषयमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) बाट उत्पन्न हुन सक्ने जोखिमको आर्थिक सुरक्षण प्रदान गर्न आर्थिक वर्ष ०७७।०७८ को बजेट बक्तव्यको बुदाँ नं ५५ र २८५ को कोरोना बीमा सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्ने प्रयोजनार्थ जारी भएको कोरोना बिमा मापदण्ड, २०७७ अनुसार राष्ट्रसेवक सम्पुर्ण कर्मचारीहरुका लागि नेपाल सरकारबाट शत प्रतिशत बिमाशुल्क अनुदान रु. १०००००।-(अक्षरेपी रु.एक लाख) सम्मको कोरोना बिमा उक्त बजेट बक्तव्यको सम्बन्धित बुँदाहरु र मापदण्ड बमोजिम हुने व्यहोरा जानकारी गराउदै उक्त कोरोना बिमा गर्नका लागि ईच्छुक कर्मचारीहरुको विवरण यस कार्यालयबाट राष्ट्रिय बिमा कम्पनीमा पठाईने हुदाँ तपसिल बमोजिमको व्यक्तिगत विवरण त्यस कार्यालयबाट पत्र प्राप्त भएको मितिले तिन (३) दिनभित्र यस कार्यालयमा उपलब्ध गराईदिनुहुन माथि उल्लेखित बजेट बक्तव्यको बुँदा नं. ५५ र २८५ पाना-२ थप जानकारीका लागि यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

**तपसिल :**

| सि नं. | कर्मचारीको नाम | पद | कर्मचारीको संकेत नं. | नागरिकता नं. | स्थायी ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | संकेत नं. नहुने कर्मचारीको हकमा नागारिकता नं. अनिवार्य उल्लेख गर्नुपर्नेछ । |

गुणराज बानियाँ

**बोधार्थ :**

श्री सूचना प्रविधि शाखा : प्राप्त पत्रसँग संलग्न कागजात साथै कोरोना बिमा मापदण्ड, २०७७ को Pdf copy website मा upload गर्नुहुन ।

५२. घरेलु, साना तथा मझौला उद्यम तथा कोरोना प्रभावित पर्यटन व्यवसायका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानी तथा व्यवसाय सञ्चालनका लागि ५ प्रतिशत ब्याजमा कर्जा उपलब्ध गराउन रु. ५० अर्बको छुट्टै कोष खडा गर्ने व्यवस्था गरेको छ। नेपाल राष्ट्र बैंक मार्फत सञ्चालन हुने यस कोषमा नेपाल सरकार, सरकारी स्वामित्वमा रहेका सार्वजनिक संस्थान र दातृ निकायबाट प्राप्त हुने रकम रहने छ।

५३. घरायसी साना विद्युत उपभोक्तालाई मासिक १० युनिटसम्म खपत गर्नेलाई निःशुल्क, मासिक १५० युनिट खपत गर्नेलाई २५ प्रतिशत र २५० युनिटसम्म खपत गर्नेलाई १५ प्रतिशतले महसुल छुट दिने तथा खानेपानी र सिँचाइ उपभोक्ता समितिले तिर्नुपर्ने विद्युत डिमाण्ड शुल्क मिनाहा र विद्युत महसुलमा सहुलियत दिने व्यवस्था गरेको छु। कोभिड १९ का कारण प्रभावित उत्पादनमूलक उद्योगहरूको लकडाउन अवधिभर विद्युतको डिमाण्ड शुल्क छुट दिने र माग कम हुने समयको विद्युत खपतमा ५० प्रतिशत छुट दिने प्रबन्ध मिलाएको छु।

५४. कोरोनाबाट प्रभावित कृषि, घरेलु, साना तथा मझौला उद्योग, उत्पादनमूलक उद्योग, होटल, पर्यटन लगायतका क्षेत्रका उद्योग व्यवसायलाई ५ प्रतिशतसम्मको सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउन नेपाल राष्ट्र बैंकले रु. १ खर्ब सम्मको पूनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था मिलाएको छु।

५५. कोरोना रोगको बीमा हुने थप व्यवस्था गरी रु. १ लाख सम्मको सामुहिक कोरोना बीमा गर्दा लाग्ने वार्षिक शुल्कमा सरकारले ५० प्रतिशत अनुदान दिने प्रबन्ध मिलाएको छु। स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका लगायतका व्यक्तिको बीमा दायित्व शुल्क सरकारले व्यहोर्ने व्यवस्था मिलाएको छु।

मर्यादित रोजगारीको निरन्तरता तथा सामाजिक संरक्षणको लागि विदेश स्थित कूटनीतिक नियोगलाई परिचालन गरिनेछ।

२८२. आगामी वर्ष देखि विद्युतीय राहदानी लागू गरिनेछ। विदेशी नागरिकलाई आगमनमा दिइने प्रवेशाज्ञा अनलाइन प्रणालीबाट उपलब्ध गराइनेछ।

२८३. गैर आवासीय नेपालीको ज्ञान, सीप, पुँजी र प्रविधिलाई राष्ट्रिय विकासमा उपयोग गरिनेछ। विदेशमा जोखिममा रहेका नेपालीको संरक्षण र उद्धारमा गैर आवासीय नेपालीको सहयोग लिइनेछ।

**राष्ट्रसेवक**

२८४. स्वास्थ्य जोखिमको विद्यमान अवस्थामा आफ्नो कार्यस्थलमा अहोरात्र खटिई जिम्मेवारी पुरा गर्ने चिकित्सक, स्वास्थ्यकर्मी लगायत सबै राष्ट्रसेवकको योगदानको उच्च मूल्याङ्कन गर्दै कोरोना रोकथाम तथा उपचारका लागि अग्रपंक्तिमा काम गर्ने राष्ट्रसेवकलाई प्रोत्साहनका लागि रकम छुट्याएको छु।

२८५. राष्ट्र सेवक कर्मचारीलाई निजी आवास निर्माण र सन्ततिलाई उच्च शिक्षा प्रदान गर्न सहुलियत दरको कर्जा सुविधा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। आगामी वर्षका लागि अस्थायी र करार लगायत सबै राष्ट्र सेवकको रु. १ लाखसम्मको कोरोना बीमा निःशुल्क हुने व्यवस्था मिलाएको छु।

२८६. सार्वजनिक निकायमा कार्यरत सबै अस्थायी र करार कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउन सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने व्यवस्था मिलाइनेछ।

**सुशासन र सार्वजनिक सेवा प्रवाह**

२८७. सार्वजनिक निकाय लगायत सबै क्षेत्रमा सदाचार संस्कृतिको विकास गरिनेछ। **म भ्रष्टाचार गर्दिनँ, म भ्रष्टाचार हुन दिन्नँ, म**